राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily


राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १९८ | २०८२ चैत १९ गते बिहीवार | (Thursday, 2 April, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## प्रतिवेदन कार्यान्वयन नहुँदा गुठीका हजारौं बिघा जग्गा फर्काउन सकिएन

**शैलेन्द्र महतो**

*जनकपुरधाम, चैत्र १८ गते ।*




जनकपुरधामको बजार क्षेत्रमा अधिकांश गुठीको जग्गा छ । गुठी, मन्दिर, कुट्टीका सार्वजनिक जग्गा धेरै अतिक्रमण भइसकेको छ। बाँकी रहेका जग्गा पनि अतिक्रमणको चपेटामा छन् ।

जनकपुरमा बाँकी रहेका सार्वजनिक जग्गाको पनि संरक्षण तथा सम्बर्द्धन हुन सकेको छैन । न त अतिक्रमण भएका हजारौं बिघा गुठीका जग्गा फर्काउन सकिएको छ ।

सरकारले दुई दशकअघि जनकपुरधामको गुठी, मठ-मन्दिर तथा सार्वजनिक पोखरीको अतिक्रमित जग्गाबारे छानबिन गर्न बनेको समितिले प्रतिवेदन तयार पारे पनि कार्यान्वयन हुन सकेको छैन ।

तत्कालीन श्री ५ को सरकारको निर्देशनमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा २६ साउन २०६२ मा भोजराज घिमिरेको संयोजकत्वमा उच्चस्तरीय कार्यालय गठन गरिएको थियो। गठित कार्यदलको प्रतिवेदनअनुसार जनकपुरधाममा २५ गुठीका ९ हजार ८४६ बिघा १२ कट्ठा जग्गा अतिक्रमणमा परेको निष्कर्ष थियो । जुन अर्बौं मूल्य बराबरका हुन्। यी जग्गा निजीकरण भइसकेको त्यस बेलाको गठित कार्यादलको निष्कर्ष छ ।

उक्त प्रतिवेदन कार्यान्वयनमा नआउँदा गुठीसँगै, जनकपुरधामका जानकी मन्दिर लगायतका मठ-मन्दिर, धार्मिक ऐतिहासिक सार्वजनिक पोखरीसमेत लोप हुने अवस्थामा पुगेका छन् ।

प्रतिवेदनअनुसार नगर क्षेत्र भित्र रहेका ४९ पोखरीमध्ये पाँच वटा पूर्ण रूपमा हराइसकेका छन् भने कूल ८२ पोखरीमध्ये करिब ३२.८ प्रतिशतले अस्तित्व गुमाइसकेका छन् । कयौं पोखरीहरू पुरेर भवन निर्माण गरिएको छ। जानकी मन्दिरको नाममा रहेको जग्गासमेत अनाधिकृत रूपमा बिक्री गरिएको पाइएको प्रतिवेदनमा उल्लेख छ । मन्दिरका महन्थहरूले विभिन्न कित्ताहरू न्यून मूल्यमा बिक्री गरेको प्रतिवेदनमा उल्लेख छ।

उक्त प्रतिवेदनको परिचयमा गठित

*- बाँकी पृष्ठ ३ मा*

## जलेश्वरमा "डायलाइसिस सेवा" सुरु

**राष्ट्रिय समाचार समिति**

*जलेश्वर, चैत्र १८ गते ।*

महोत्तरी सदरमुकाम जलेश्वरस्थित अवस्थित प्रादेशिक अस्पतालमा 'डायलाइसिस' सेवा सुरुवात भएको छ ।


मधेस प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री जङ्गीलाल राय, सचिव डा.




प्रमोदकुमार यादव र प्रादेशिक अस्पताल जलेश्वरका निमित्त कार्यालय प्रमुख डा. रवि श्रीवास्तवले सो सेवाको बुधवार संयुक्त रूपमा शुभारम्भ गरेका हुन् ।

मधेस प्रदेश सरकारले तीन वर्षअघि नै मिर्गौलाका बिरामीलाई थप सहज बनाउन छ थान 'डायलाइसिस मेसिन' उपलब्ध गराएको थियो । तत्कालीन समयमा दक्ष जनशक्ति नहुँदा प्रयोगमा आउन सकेको थिएन । अस्पताल प्रमुख डा. रवि श्रीवास्तवले अहिले छ थान 'डायलाइसिस मेसिन' मध्ये पाँच थान प्रयोगमा आएका छन् भने एक थान आकस्मिक प्रयोजनका लागि राखिएको जानकारी दिए ।



द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

# पेठियाको फुटपाथ अतिक्रमण हटाउन सुरु



द पब्लिक टुडे समाचारदाता

*गौशाला, चैत्र १८ गते ।*

मधेश प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाको संयुक्त पहलमा फुटपाथ अतिक्रमण हटाउने अभियान संचालन सुरु गरिएको छ । बजार क्षेत्रलाई व्यवस्थित बनाउने उद्देश्यले पेठिया क्षेत्रमा फुटपाथ अतिक्रमण हटाउने अभियान संचालन गरिएको हो ।

पेठिया बजार केन्द्रित उक्त अभियानमा स्थानीय प्रशासन, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा नगर प्रहरीको संयुक्त टोली परिचालन गरिएको थियो । अभियानका क्रममा सडक किनार तथा पैदलमार्गमा राखिएका ठेला, टहरा र अस्थायी संरचनाहरू हटाइएका छन् ।

सार्वजनिक स्थल अतिक्रमण गरी सञ्चालन गरिएका अनधिकृत पसल हटाउँदै पैदल यात्रुका लागि फुटपाथ खाली गराइएको प्रशासनले जनाएको छ । बजार क्षेत्रलाई व्यवस्थित, सुरक्षित र आवतजावत सहज बनाउन यस्तो कदम चालिएको बताइएको छ ।

उपमहानगरपालिकाका प्रतिनिधिले सार्वजनिक स्थानको संरक्षण र शहरी व्यवस्थापनलाई प्राथमिकतामा राख्दै अतिक्रमण हटाउने अभियानलाई निरन्तरता दिइने बताएका छन् । फुटपाथलाई पैदल यात्रुका लागि सुरक्षित बनाउने र ट्राफिक व्यवस्थापन सुधार गर्ने लक्ष्यका साथ अभियान प्रभावकारी हुने विश्वास व्यक्त गरिएको छ ।

अतिक्रमण हटाइसकेपछि उक्त क्षेत्रमा सौन्दर्यकरण, हरियाली प्रवर्द्धन तथा पैदलमैत्री संरचना विकास गर्ने योजना रहेको जनाइएको छ । साथै, प्रभावित व्यवसायीहरूका लागि वैकल्पिक व्यवस्थापनमा सहजीकरण गरिने तयारी भइरहेको छ ।

अभियानका क्रममा केही व्यवसायीले असन्तुष्टि जनाए पनि अधिकांश स्थानीयले यसलाई सकारात्मक रूपमा लिएका छन् । उनीहरूका अनुसार लामो समयदेखि पैदल यात्रुहरूलाई हिँडडुलमा समस्या भइरहेको अवस्थामा यस्तो अभियान आवश्यक थियो । बढ्दो शहरीकरणसँगै देखिएको अतिक्रमण समस्या समाधानका लागि यस्ता अभियानहरूलाई निरन्तरता दिइने प्रशासनले जनाएको छ ।

**कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि**
**९८०२३२८८३०, ९८१४८३५५४२, ९८१२०४८५६६**

## राशिफल

मेष - परिवर्तन आउन सक्छ ।
वृष - मन प्रसन्न रहनेछ ।
मिथुन - नेतृत्व हातलागी हुनेछ ।
कर्कट - हातपार्न सफल भइनेछ ।
सिंह - थोरै फाइदा हुनेछ ।
कन्या - काममा बाधा पर्न सक्छ ।
तुला - योजना कार्यान्वयनमा आउनेछ ।
वृश्चिक - रोकिएको काम बन्न सक्छ ।
धनु - भावना बुझेर अघि बढ्नुहोला ।
मकर - काम अधुरो रहनेछ ।
कुम्भ - खर्चनुपर्ने हुन सक्छ ।
मिन - यात्रा सम्भावना देखिन्छ ।

# १६ वर्षपछि फेरि चर्चामा गौर घटना : रवि र महन्थबिच के भयो कुराकानी ?



द पब्लिक टुडे समाचारदाता

*गौशाला, चैत्र १८ गते ।*

२०६३ मा भएको गौर घटना फेरि चर्चामा आएको छ । बालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारले गौर घटनाका सम्बन्धमा छानबिन समितिले बुझाएको प्रतिवेदन र विभिन्न उजुरीमाथि कारबाही गर्ने भन्दै चर्चा हुन थालेपछि जनता समाजवादी पार्टी नेपालका संरक्षक महन्थ ठाकुरले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भेट गरेका छन् ।

मंगलबार दुई नेताबिच भेटवार्ता भएपछि गौर घटनाको विषय थप बहसमा आएको हो । राष्ट्रिय सभा सदस्यसमेत रहेका ठाकुरले गौर घटनाको आरोपमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई पक्राउ गर्ने विषयमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछानेसँग जिज्ञासा राखेका थिए ।

त्यसको जबाफमा अध्यक्ष लामिछानेले बाहिर आएका हल्लामा सत्यता नरहेको बताएका छन् । यो सरकारले प्रतिशोधको राजनीतिक नगर्ने प्रस्ट पार्दै लामिछानेले यसबारे बरु आफूले जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवसँग भेटेरै कुराकानी गर्ने बताएको जसपा नेपालका नेता रामकुमार शर्माले बताए ।

अध्यक्ष लामिछानेसँग भएको भेटका बारेमा जसपा नेपालका नेताहरूलाई जानकारी गराउने क्रममा ठाकुरले गौर घटनाको विषयमा बाहिर आएको कुरा हाल्ला मात्र भएको कुरा आफूलाई लामिछानेले बताएको उल्लेख गरेका छन् ।

२०६६ मा रौतहटको गौरमा तत्कालीन माओवादी र मधेसी जनअधिकार फोरम नेपालबिच झडप हुँदा २७ जना माओवादी नेता तथा कार्यकर्ताको मृत्यु भएको थियो । सो घटनाको बारेमा सरकारी तथा गैर सरकारी तथा अन्तर्राष्ट्रिय संघ संगठनहरूले छानबिन गरी सरकारलाई प्रतिवेदन बुझाएका थिए ।

घटनापछि प्रहरी कार्यालयमा किटानी जाहेरी पनि परेका थिए । दोषीलाई पक्राउ नगरेको भन्दै गौर घटनाका पीडित परिवारले सर्वोच्च अदालतमा पनि मुद्दा दायर गरेका थिए । अदालतले प्रहरीलाई सो घटनाका सम्बन्धमा दायर भएका उजुरीमाथि छानबिन गर्न निर्देशन दिइसकेको छ । वर्तमान सरकारले त्यसलाई कार्यान्वयन गर्न भनेको स्रोतले जनाएको छ ।

त्यसरी प्रहरीमा परेको उजुरीलाई कार्यान्वय गर्न भनेको कुरा बाहिर आएपछि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव पक्राउ पर्न सक्ने भन्दै एकाएक चर्चा चलेको हो ।

जुन सरकार आए पनि गौर घटनाका सम्बन्धमा चर्चा हुने गरेको र उपेन्द्र यादव पक्राउ पर्ने हल्ला चलाएर पार्टीलाई बदनाम गराउने प्रयास भइरहेको सो पार्टीका नेता डा.सुरेन्द्रकुमार झाले बताए ।

'छानबिन होस्, उपेन्द्र यादव दोषी देखिए पार्टीका हजारौं कार्यकर्ताका साथमा हामी उहाँलाई जेलमा पुर्‍याइदिन तयार छौं,' उनले भने, 'यो सरकारले मात्र होइन, कुनै पनि सरकारले प्रतिशोध तथा पूर्वाग्रही निर्णय गर्न हुँदैन ।'

जेनजी आन्दोलनपछि विकसित परिस्थितिमा नयाँ जनादेशका साथ बनेको सरकारले सुशासन कायम गर्न उठाउने कदममा जसपा नेपालले पूर्ण समर्थन गरेको बताउँदै झाले कुनै पनि घटनाको सत्यतथ्य छानबिन हुनुपर्ने बताए । गौर घटनाको समयमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव घटनास्थलमा उपस्थित नै नरहेको भनेर विभिन्न रिपोर्टले भनिसकेको अवस्थामा जबर्जस्ती बदनाम गराउने काम नहोस् भन्दै उनले हरेक घटनाको निष्पक्ष छानबिन हुनुपर्नेमा जोड दिए ।

गौर घटनामा तत्कालीन माओवादी नेताको रूपमा प्रत्यक्ष संलग्न आम जनता पार्टी नेपालका अध्यक्ष प्रभु साहले कारबाहीको माग पटक-पटक गर्दै आएका छन् । मंगलबार जसपा नेपालका संरक्षक महन्थ ठाकुरले भेटेलगत्तै रास्वपा सभापति लामिछानेलाई आजपा नेपालका अध्यक्ष प्रभु साहले पनि भेटेका थिए ।

सो भेटमा प्रभु साहले गौर घटनाको बारेमा के-कस्ता विषय उठाए भन्ने कुरा बाहिर आएका छैनन् तर उनले विगतमा गौर घटनाका दोषीलाई कारबाही हुनुपर्छ भनेर पटकपटक सरकारलाई दबाब दिँदै आएका थिए ।

गौर घटनाका पीडितहरूले आन्दोलन गरेपछि तत्कालीन सरकारसँग २०८० साउनमा पाँच बुँदे सम्झौता भएको थियो । त्यतिबेला नारायणकाजी श्रेष्ठ गृहमन्त्री थिए । २०८० साउन २३ गते भएको सम्झौताको पहिलो बुँदामै उक्त घटनाको विषयमा तत् समयमा दर्ता भएको जाहेरी समेतलाई छानबिन र अनुसन्धान गरी तथ्य र प्रमाणको आधारमा दोषीलाई कानुन बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने उल्लेख छ । त्यो सम्झौतापछि पनि उपेन्द्र यादव पक्राउ पर्ने हल्ला चलेको थियो ।

**यस्तो भन्छ आयोगको अध्ययनले**

राष्ट्रिय मानव अधिकार आयोगले २०७९ मा सरकारलाई ध्यानाकर्षण गराउँदै दोषीलाई कारबाही गर्न सुझावसहितको प्रतिवेदन तयार गरेको थियो । आयोगले २०७९ पुस १९ गते घटना भएको १६ वर्ष बित्न लाग्दा पनि किटानी जाहेरी दरखास्त उपर कुनै कारबाही, अनुसन्धान, तहकीकात गरी अभियोजन गर्ने कार्य नदेखिएको ठहर गरेको थियो ।

घटनाबारे अनुसन्धान कार्य अघि नबढाउने जिल्ला प्रहरी कार्यालय रौतहटका तत्कालीन प्रमुख, प्रहरी उपरीक्षक योगेश्वर रोमखामी र मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी पूरा नगर्ने तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझा, तत्कालीन प्रहरी उपरीक्षक रामकुमार खनाल, सशस्त्र प्रहरी नायब उपरीक्षक धर्मानन्द सापकोटा र नायब उपरीक्षक कामाख्या नारायण सिंहलाई सेवामै बहाल रहेको अवस्था भएमा विभागीय कारबाही गर्न र सेवा निवृत्त भएको अवस्था भएमा आगामी दिनमा राज्यको तर्फबाट कुनै पनि थप अवसर प्रदान नगर्न आयोगले सरकारलाई सिफारिस गरेको थियो ।

आयोगले किटानी जाहेरी दरखास्त र नेपाल सरकारबाट गठित गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन, २०६४ मा औंल्याइएका व्यक्तिहरू उपर तत्काल अनुसन्धान गरी दोषी देखिएका व्यक्तिहरू उपर अभियोग दर्ता गराउने कार्यगरी सो को जानकारी आयोगलाई तीन तीन महिनामा गराउन समेत सरकारलाई निर्देशन दिएको थियो । आयोगको सो निर्देशन अझै कार्यान्वयनमा नआएको आयोगका एक सदस्यले बताए ।

मृतकका परिवारले समेत हालसम्म सरकारबाट कुनै राहत तथा क्षतिपूर्ति प्राप्त नगरेको उल्लेख गर्दै आयोगले मृतक व्यक्तिका प्रत्येक परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम कम्तीमा प्रतिव्यक्ति तीन लाखको दरले यथाशीघ्र क्षतिपूर्ति उपलब्ध गराई तीन महिनाभित्र आयोगमा जानकारी गराउन भनिएको थियो । आयोगको सो निर्देशन पनि कार्यान्वयन हुन सकेको छैन ।

**कसरी भएको थियो घटना ?**

गौर घटना हुनुमा तत्कालीन नेकपा माओवादीको भ्रातृ संगठन मधेसी मुक्ति मोर्चा र मधेसी जनअधिकार फोरमको तिक्ततापूर्ण र प्रतिशोधपूर्ण व्यहार जिम्मेवार रहेको आयोगको ठहर छ । घटनामा तत्कालीन फोरमका तत्कालीन अध्यक्ष उपेन्द्र यादव र रौतहट जिल्लाका फोरम कार्यकर्ताहरू तथा तत्कालीन नेकपा (माओवादी) भ्रातृसंगठन मधेसी मुक्ति मोर्चाका तत्कालीन महासचिव प्रभु साह एवं पूर्व जनसरकार प्रमुख विन्देश्वर यादवलाई एकै स्थान र समयमा दुई फरक कार्यक्रम हुँदा अवस्था बिग्रन सक्छ भन्ने थाहा हुँदा हुँदै कार्यक्रम गरेको देखिएको आयोगले ठहर गरेको छ ।

घटनामा फोरमको तर्फबाट मधेसी मुक्ति मोर्चाको मञ्च भत्काउने तथा तोडफोड गर्ने कार्य भएपछि त्यसको प्रतिरोधमा पहिलो गोली मधेसी मुक्ति मोर्चाको तर्फबाट चलेको आयोगले आफ्नो निर्णयमा उल्लेख गरेको छ । माओवादीको तर्फबाट गोली चलेपछि त्यसको प्रतिकारमा फोरमका तर्फबाट माओवादीहरूलाई पूर्वतयारी गरी नियोजित रूपमा नियन्त्रणमा लिई वा लिने क्रममा भएका क्रियाकलाप अमानवीय र क्रूर हुन पुगेको आयोगले जनाएको छ ।

यस घटनामा एकातर्फ जिल्ला सुरक्षा समितिको निर्णय अनुसार नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको तालुक निकायबाट थप बल पठाउने कार्य भएको देखिएन भने अर्कोतर्फ जिल्लामा रहेका नेपाल प्ररही र सशस्त्र प्रहरीबिचमा समेत प्रभावकारी समन्वय हुन नसकेको आयोगले ठहर गरेको छ ।

**स्थानीय सुरक्षाकर्मी पनि दोषी**

घटना हुनुभन्दा अघि र घटना भएको दिन समेत अत्यन्त कमजोर रूपमा उपस्थिति जनाएको स्थानीय सुरक्षाकर्मी र प्रशासनले यस्तो गम्भीर अपराधका दोषीहरूलाई कानुनी दायरामा ल्याउन असफल भएको आयोगले जनाएको छ ।

आयोगले जिल्लास्थित तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझाले घटना हुन नदिन कुनै पहल गरेको नदेखिएको ठहर गरेको छ भने राष्ट्रिय अनुसन्धान कार्यालयको भूमिका पनि प्रभावहीन देखिएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटमा दुई वटा किटानी जाहेरी दर्ता गराए पनि कल्पनासम्म गर्न नसकिने अपराधविरुद्ध वास्तविक रूपमा जाहेरीका आधारमा जिम्मेवारीमा रहेका निकाय पूर्णतः उदासीन रहेको र यसमा प्रहरी प्रधान कार्यालय र महान्यायाधिवक्ता कार्यालयले समेत बेवास्ता गरेको आयोगले जनाएको छ ।

**प्रचण्ड र उपेन्द्र दोषी**

नेकपा (माओवादी)को भ्रातृ संगठन मधेसी मुक्तिमोर्चा र फोरम दुवैले हतियारको प्रयोग गरी एकले अर्काको स्वतन्त्रता र

*- बाँकी पृष्ठ ३ मा*

# मध्यपूर्व तनावबिच रसद समाधान दिन रूस तयार : पुटिन

सेन्ट पिटर्सबर्ग, चैत्र १८ गते । रुसले मध्य पूर्वमा पछिल्ला घटनाक्रमहरूको बीचमा विश्वव्यापी रसद र व्यापार व्यवस्थापनलाई पुनः आकार दिन मद्दत गर्न समाधान प्रस्ताव गर्न सक्ने रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले बुधबार बताएको छ ।

यसै साता सेन्ट पिटर्सबर्गमा आयोजित पहिलो अन्तर र्ष्ट्रिय यातायात तथा रसद व्यवस्थापनमामिला मञ्चमा भाग लिने क्रममा राष्ट्रपति पुटिनले यस्तो बताएको हो । उनले भने, “विश्व अर्थतन्त्रको प्रमुख स्तम्भको रूपमा रहेको यातायात र रसद व्यवस्थापनमा महत्वपूर्ण सङ्कटबिच गुज्रिरहेको छ । यसको समाधानका लागि रूससँग नयाँ प्रस्ताव रहेको छ।”

“इरान युद्धले विश्वव्यापी ऊर्जा बजार र ‘स्ट्रेट अफ हर्मुज’ हुँदै तेल र ग्याँसको ढुवानीलाई असर गरिसकेको छ”, उहाँले भन्नुभयो, “देश र कम्पनीहरूले गति र लागतमा मात्र होइन, यातायात मार्गहरू र आपूर्ति श्रृङ्खलाहरूको सुरक्षा र लचिलोपनमा पनि जोड दिइरहेका छन् ।”

उनले भने, “रूसले नयाँ विश्वव्यापी रसद ढाँचा निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ, जसले आर्थिक रूपमा कुशल र अन्तर्राष्ट्रिय यातायात प्रवाहलाई विविधीकरण गर्न सक्षम मार्गहरू प्रदान गर्दछ ।”

नेता पुटिनले यातायात र रसदको विकासलाई समर्थन गर्न, संयुक्त वैज्ञानिक र प्राविधिक कार्यक्रमहरू पछ्याउन र विशेषज्ञहरूलाई तालिम दिन रूसको तत्परताको पुष्टि गरे । रासस/सिन्ह्वा

# आजदेखि एसइई शुरु

**राष्ट्रिय समाचार समिति**

*भक्तपुर, चैत्र १८ गते ।*

यस वर्षको माध्यमिक शिक्षा (एसइई) परीक्षाको सम्पूर्ण तयारी पूरा भएको छ । राष्ट्रिय परीक्षा बोर्डले आज (बिहीवार) देखि जापानको एक परीक्षा केन्द्रसहित देशभरका एक हजार ९६६ परीक्षा केन्द्रमा बिहान ८ बजेदेखि एकैसाथ सुरु गर्नेगरी एसइई परीक्षाको तयारी पूरा भएको कक्षा १० का परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिए ।

उनले भने, ‘परीक्षाको सबै तयारी पूरा गरेका छौँ, हिजो मात्रै सबै जिल्ला परीक्षा समन्वय समितिका प्रमुखहरूसँग जुम बैठक सम्पन्न गर्‍यौँ, सबै जिल्लामा सहज र शान्तिपूर्ण रूपमा परीक्षा हुनेमा ढुक्क छौँ, विद्यार्थीलाई ढुक्क भएर परीक्षामा सहभागी हुन आह्वान गर्दछौँ ।’

चैत २९ गते सम्पन्न हुने एसइई परीक्षामा यसवर्ष पाँच लाख १२ हजार ४२१ जना विद्यार्थीले र जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिने उनले जानकारी दिए । परीक्षामा नियमिततर्फ चार लाख ४१ हजार ५६६ जना र ग्रेडवृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिने भएका छन् भने परीक्षा दिने छन् । परीक्षा दिनेमा दुई लाख ५७ हजार ६१३ जना छात्रा, दुई लाख ५४ हजार ८०७ छात्र र अन्य सात जना परीक्षार्थी रहेका छन् ।

उनका अनुसार परीक्षामा सात प्रदेशमध्ये कोशी प्रदेशबाट ८२ हजार ४८७ जना, मधेस प्रदेशबाट ९० हजार २४३ जना, बागमती प्रदेशबाट एक लाख नौ हजार ५१३ जना, गण्डकी प्रदेशबाट ४३ हजार ९७२ जना, लुम्बिनी प्रदेशबाट ९१ हजार ८०२ जना, कर्णाली प्रदेशबाट ३९ हजार ७६९ जना र सुदूरपश्चिमबाट ५४ हजार ६३५ जना विद्यार्थी परीक्षामा सहभागी हुनेछन् ।

# प्रतिशोधको राजनीतिले देशलाई...

नेताहरुलाई झुठा मुद्दा लगाई जेल हाल्न काम गरिरहेको भन्दै भोलीको दिनमा कांग्रेस एमालेको सरकार बने रास्वपाको नेताहरुलाई जेल हाल्नुपर्ने अनि अर्को पटक अर्को कुनै पार्टीको सरकार बन्दा उसले पनि कुनै दलका नेताहरुलाई जेल हाल्नुपर्ने अवस्था आउने बताए । अर्का सांसद सुरिता साहले पनि संघीय सरकारले देशमा शान्ति सुरक्षा कायम गर्नभन्दा व्यक्तिगत प्रतिशोध साध्न र जनता जनताबीच मुठभेड गराउन खोजेको आरोप लगाए ।

उनले संघीय सरकार मधेस विरोधी रहेको भन्ने कुरा अहिलेसम्म तिनीहरुको व्यवहारले देखाएको आरोप समेत लगाईन । सांसद साहले भनिन् ‘मधेशीको अत्यधिक मत लिएर बनेको सरकारमा मधेशी, दलित र आदिवासी जनजातिको सहभागिता कतिको छ यसैले प्रष्ट हुन्छ ।’

सांसद राम सरोज यादवले सङ्घीय सरकार जनताको मतभन्दा पनि विदेशीले चाहेको योजना अनुसार गठन गरिएको आरोप लगाए । ‘जुन रुपले निर्वाचन सम्पन्न गराई सरकार गठन भयो, जेनजी आन्दोलन बारे छानबीन समिति गठन गरियो,’ उनले भने, ‘ती समितिले तयार पारेको एकपक्षीय प्रतिवेदनमा प्रतिशोध साध्न पूर्वमन्त्री तथा नेताहरुलाई पक्राउ गरी झुठा मुद्दा लगाउने तयारी गरिरहेकोबाट प्रष्ट हुन्छ कि यो सरकार जनताको जनमतभन्दा विदेशीले देशमा खेल्न चाहेको चलखेलको शिकार भएको छ ।’

यस्तै सांसद बिना देवी शर्माले बालेन नेतृत्वको संघीय सरकारले शासन सत्ता चलाउन भन्दा कांग्रेस एमालेसँग व्यक्तिगत दुशमनीको बदला लिन नै आएको जस्तो देखिएको बताए । उनले एमाले र कांग्रेसका नेताहरुलाई पक्राउ गरी झुठा मुद्दा लगाउने तयारी गरिरहेको आरोप लगाए । बैठकमा बोल्ने अधिकांश सांसदहरुले प्रतिशोधन साध्नकै लागि गौरी बहादुर कार्कीको नेतृत्वमा छानबीन समिति गठन गरिएको बताएका थिए ।

समितिले कांग्रेस र एमालेका नेताहरूलाई छानीछानी दोषी ठहर गरेको दाबी गर्दै उनीहरूले भदौ २३ मात्र होइन २४ विध्वंश गपराउनेहरूबारे पनि छानविन हुनुपर्ने बताए । भदौ २४ गते पनि जनता मरेको प्रशंङ्ग उल्लेख गर्दै उनीहरूले ३/४ घण्टाभित्रै राजधानी

# ओझेलमा देवीदह, संरक्षण नहुँदा चराको...

पनि कार्यान्वयनको अभावले देवीदह ओझेलमा परेको हो ।

वडाध्यक्ष चौधरीले भने, “नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले आफ्नो कार्यकालमा यस क्षेत्रमा भ्रमण गर्नुभएको थियो । त्यसपछि पोखरीको संरक्षणका लागि ‘राष्ट्रपति चुरे विकास कार्यक्रम’ अन्तर्गत एक करोड ५९ लाख बजेट विनियोजन गरिएको थियो । वि.सं. २०७७ मा नेपाल पर्यटन बोर्डसँग पोखरीको संरक्षण र सौन्दर्यकरणका लागि पाँच करोड २२ लाखको महत्वाकांक्षी योजना सम्झौता भएको थियो । तर, यी योजना कार्यान्वयन हुनसकेका छैनन् । सोही कारणले नयाँ पूर्वाधार बन्नुको साटो भएका पुराना संरचनासमेत अहिले जीर्ण र अधुरै अवस्थामा छन् ।”

चालु आर्थिक वर्षमा मधेस प्रदेश सरकारबाट पोखरी सौन्दर्यकरणका लागि २५ लाख विनियोजन भएको वडाध्यक्ष चौधरीले जानकारी दिए । दहको धार्मिक गरिमालाई जोगाउन र प्रचारप्रसार गर्न लागिपरेको उल्लेख गर्दै उनले भने, “देवीदहको धार्मिक महत्वलाई उजागर गर्न हामीले यही चैत १९ गतेदेखि विष्णु महायज्ञको तयारी गरेका छौँ । यसले देवीदहको प्रचारप्रसार र संरक्षणमा ठोस सहयोग पुग्ने विश्वास लिएका छौँ ।”

# प्रतिवेदन कार्यान्वयन नहुँदा गुठीका...

कार्यदलका संयोजक घिमिरेले २०६२ माघ १० गते सरकारलाई बुझाएको प्रतिवेदनमा समयमा कार्यदलको प्रतिवेदन मुर्त रूप दिने अपेक्षा राखेका थिए ।

‘यो प्रतिवेदनमा दिइएका सुझावहरू समयसापेक्ष हुने भएकाले समयसँगै ती पनि परिवर्तन हुन सक्छन् । त्यसर्थ, कार्यान्वयन पनि सँगसँगै हुन सकेन भने समयको अन्तरालमा सुझावको महत्व पनि फरक भइसकेको हुनसक्छ,’ घिमिरेले प्रतिवेदनको परिचयमा लेखेका छन् । उनले अगाडि लेखेका छन्, ‘अतः श्री ५ को सरकारले प्रतिवेदनको सिफारिसलाई कार्यान्वयन गर्ने दिशामा यथाशीघ्र अग्रसरता देखाई कार्यदल गठन एवं प्रतिवेदनको औचित्यलाई मुर्त रूप दिनेछ भन्ने कुराप्रति समेत म विश्वस्त छ ।’

प्रतिवेदनमा उनले स्थानीय स्रोतलाई प्रस्ताव गरिएअनुसारका धार्मिक पर्यटकीय विकास कार्यक्रममा लगानी गरी कार्यक्रम सञ्चालन भएमा आगामी १० वर्ष भित्रमा जनकपुर स्वच्छ, सफा एवं नमूना नगरी हुने विश्वास लिएका थिए ।

तर, राजतन्त्रको अन्त्य भई देशमा लोकतन्त्र, गणतन्त्र आएको दुई दशक हुन लाग्दा पनि अझैसम्म भोजराज प्रतिवेदन कार्यान्वयन भएको छैन । अझैसम्म जनकपुरमा अतिक्रमित गुठी तथा सार्वजनिक जग्गा, पोखरी, पाटी-पौवालाई मुक्त गराई अतिक्रमण गर्नेहरूलाई कानुनी दायरामा ल्याउन सकिएको छैन ।

हालसम्म सरकारले प्रतिवेदन कार्यान्वयन नगर्दा नागरिक निराश छन् भने अतिक्रमण गर्ने भूमाफिया र मन्दिर तथा कुट्टीका महन्थहरूको रजगज छ ।

अधिवक्ता राहुल झा जकपुरधामले देशकै सबैभन्दा ठूलो गुठीको जग्गा घोटालाको साक्षी बन्नु परेको बताउँछन् ।

‘जनकपुर देशकै सबैभन्दा ठूलो गुठी जग्गा घोटालाको साक्षी बनेको छ । जहाँ लगभग ९ हजार बिघा जग्गा अतिक्रमित छ,’ उनले भने ।


दुई वर्षअघि तत्कालीन गृहमन्त्री रवि लामिछानेले गुठीका जग्गामाथि पहलकदमी लिने बताएका थिए । अहिले रास्वपाकै सरकार बनेकोले यस्ता अतिक्रमित जग्गाको संरक्षण र संरक्षण सुनिश्चित गर्न सरकारको भूमिका हुनुपर्ने झाको माग छ ।

# १६ वर्षपछि फेरि चर्चामा गौर घटना...

अस्तित्वलाई स्वीकार गर्न नसक्दा नै यस्तो अपराध हुन गएको भन्दै आयोगले यस कार्यमा दुवै दलका जिल्लास्तरीय नेता र केन्द्रको हकमा तत्कालीन फोरमका अध्यक्ष उपेन्द्र यादव, तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड समेतले आफ्नो मातहतका नेता तथा कार्यकर्ताहरूलाई संयमित बनाउने तथा घटनामा दोषी देखिएका कार्यकर्ताहरूलाई कानुनी दायरामा ल्याउन प्रहरी प्रशासनलाई सहयोग गरेको नदेखिएको ठहर गरेको छ ।

घटनामा माओवादीका अध्यक्ष प्रचण्ड, तत्कालीन मधेसी मुक्ति मोर्चाका महासचिव प्रभु साह र पूर्व जनसरकार प्रमुख विन्देश्वर यादव तथा तत्कालीन अध्यक्ष उपेन्द्र यादव समेत जिम्मेवार रहेको आयोगले जनाएको छ ।

घटनामा जिल्ला प्रहरी कार्यालय रौतहटमा दर्ता भएका जाहेरीमा नाम उल्लेख भएका र नेपाल सरकारद्वारा गठित गौर घटना जाँचबुझ आयोगको प्रतिवेदनले दोषी भनी उल्लेख गरेका नामावलीमा तत्कालीन फोरमका अध्यक्ष यादवको पनि नाम रहेको आयोगले जनाएको छ । *रातोपाटी*




एकडारा गाउँपालिका
एकडारा, महोत्तरी



खर्गा दाँत उपचार केन्द्र
अब काठमाडौँ जानु नपर्ने
डा.गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
➢ हामी कहाँ नै किन ? आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाँउ, खटिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।
डाक्टर भेटने समय: प्रत्येक दिन विहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।
यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।
खर्गा दाँत उपचार केन्द्र
सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६

# ‘प्रतिशोधको राजनीतिले देशलाई मुठभेडतर्फ धकेल्न खोज्यो’

सुभाष कर्ण

*जनकपुरधाम, चैत्र १८ गते ।*



मधेस प्रदेश सभाका सांसदहरूले संघीय सरकार प्रतिशोधको राजनीतिक गरिरहेको आरोप लगाएका छन् । बुधवार मधेश प्रदेस सभाको बैठकमा बोल्ने अधिकांश प्रदेश सांसदहरूले संघीय सरकार विकास निर्माण गर्ने र देशमा शान्ति सुरक्षाको वातावरण बनाउनुको सट्टा व्यक्तिगत प्रतिशोधको राजनीति गरहेको आरोप लगाए । प्रतिशोधको राजनीतिले देशको शान्ति सुरक्षा खल्बलिन गई प्रतिवादको अवस्थामा जान सक्ने उनीहरूको धारणा थियो ।

बैठकमा सांसद हरिनारायण यादवले बालेन शाह नेतृत्वको सरकार जेनजीको नाममा गरिएको आन्दोलनमा घुसपैठिया बनेकाहरुको झुण्डको इशारामा चलिरहेको आरोप लगाए । आन्दोलनमा प्रत्यक्ष रुपमा घुसपैठ भएका उनले भने, ‘गौरीबहादुर कार्की जस्ता व्यक्तिको नेतृत्वमा गठित समितिले प्रतिशोध साध्न एकपक्षीय रुपमा तयार पारेको प्रतिवेदनलाई विभिन्न दलका नेताहरुलाई झुठा मुद्दा लगाई जेल हाल्ने काम गरिरहेको छ ।’ यसले देशमा शान्ति सुरक्षा खलबिलन गई मुठभेडतर्फ जान सक्नेछ ।

उनले कांग्रेस एमालेका

- बाँकी पृष्ठ ३ मा

# किसानलाई माटो परीक्षण गर्न आह्वान

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र १८ गते ।*

कृषि विभागले माटोको गुणस्तर सुधारका लागि माटो परीक्षण गर्न किसानलाई आग्रह गरेको छ । विभागले माटोमा प्राङ्गारिक पदार्थको मात्रा कम पाइएपछि माटो परीक्षणका लागि किसानलाई आह्वान गरेको हो । माटोमा औषत २.५९ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको छ । किसानलाई नजिकका कार्यालयमा प्राविधिकको सल्लाह लिएर गुणस्तर वृद्धि गर्न भनिएको छ ।

विशेषगरी तराईको माटोमा हिमाल र पहाडको तुलनामा प्राङ्गारिक पदार्थको मात्रा कम छ । गत वर्ष ३६.९ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम, ४६.७ प्रतिशत माटोमा मध्यम र १६.४ प्रतिशत माटोमा उच्च मात्रामा प्राङ्गारिक पदार्थ पाइएको थियो ।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले कृषि उत्पादन वृद्धि गर्न गुणस्तरीय माटोले सहयोग पुग्ने बताउँदै करिब ३७ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम ४५ प्रतिशत माटोमा मध्यम र १८ प्रतिशत माटोमा उच्च मात्रामा पाइएको जानकारी दिए ।

पूर्वी नेपालको माटो पश्चिम नेपालको तुलनामा बढी अम्लीय रहेको छ । गत वर्ष करिब ५३ प्रतिशत माटो अम्लीय, करिब ३३ प्रतिशत माटो तटस्थ र करिब १४ प्रतिशत माटो क्षरीय प्रकृतिको पाइएको थियो ।

गतवर्ष नेपालको माटोमा औषत २.७७ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको विभागले जनाएको छ । नेपालमा प्रतिवर्ष माथिल्लो सतहको करिब १.७ मिलिमिटर माटो भूक्षयका कारण ह्रास हुने गरेको जनाइएको छ ।

# ओझेलमा देवीदह, संरक्षण नहुँदा चराको बासस्थान मासिंदै

राष्ट्रिय समाचार समिति

*सिरहा, चैत्र १७ गते ।*

सिरहाको लहान नगरपालिका-१७ स्थित धार्मिक तथा पर्यटकीय क्षेत्र देवीदहमा चराहरूको बासस्थान सङ्कटमा पर्दै गएको छ । उचित संरक्षणको अभाव, मिचाहा प्रजातिका झारपात वृद्धि र चोरीसिकारका कारण यहाँका जलपन्छीको अस्तित्व जोखिममा परेको हो ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत लहान बजारबाट छ किलोमिटर उत्तर चुरेको फेदमा अवस्थित यो सिमसार क्षेत्र चराहरूको स्वर्ग मानिन्छ । पछिल्लो समय यहाँ चराको चोरीसिकार बढ्नुका साथै मिचाहा प्रजातिका झार बढ्नु, संरक्षण नहुनुलगायत कारणले बासस्थान साँघुरिँदै गएको देवीदह वन उपभोक्ता समूह तथा संरक्षण समितिका अध्यक्ष कपिलेश्वर यादवले बताए ।

उनले भने, “चराको सिकार र बासस्थानको विनास अहिलेको मुख्य चुनौती हो । बजेट अभावले गर्दा हामीले पोखरीको संरक्षण गर्न सकेका छैनौँ । बनेका भौतिक संरचना पनि मर्मत गर्न सकिएको छैन ।”

यसअघि चराविद् ल्याएर अध्ययन गराउने पहल गरिरहेको जनाउँदै उनले त्यसपश्चात् पनि उल्लेख्य प्रगति हुन नसकेको बताए ।

यस तालमा साइबेरियाबाट करिब १३-४ हजार किलोमिटरको लामो यात्रा तय गरेर आएका आगन्तुक चरा र स्थानीय सिली तथा पानीहाँस प्रजातिका जलपन्छीको चहलपहल बढेको समितिका अध्यक्ष यादवले जानकारी दिए । बासस्थानको संरक्षण गर्दै प्रचारप्रसार गर्न सके पर्यटन प्रवर्द्धन हुनुका साथै स्थानीयको आयस्तर बढ्ने उनको भनाइ छ ।

चराहरूलाई निर्वाध रूपमा आउनेजाने र रमाउने वातावरण मिलाउन समुदायस्तरमा सचेतना बढाउनुपर्ने स्थानीय पूर्वप्रधानाध्यापक नेपाली साहले बताए ।

उनले भने, “पहिले लहानको मानिक दहसहितका विभिन्न तालतलैयामा चराको प्रभावकारी र उल्लेख्य बासस्थान थियो, तर ती क्रमशः मासिँदै गएका छन् । अहिले चराको आश्रयस्थल देवीदहमा मात्र सीमित भएको छ ।”

पूर्वप्रधानाध्यापक साहले चराको संरक्षणका लागि स्थानीय तहले भ्यूटावर निर्माण गरिदिनुपर्ने सुझाव दिए ।

उनले भने, “यदि मानिसले सुरक्षित रूपमा नजिकबाट चरा हेर्ने वातावरण पाए भने उनीहरूमा चराप्रतिको स्नेह र अपनत्व बढ्छ, जसले अन्ततः संरक्षण अभियानमा ठूलो मद्दत पुर्‍याउनेछ ।”

धार्मिक तथा पर्यटकीय महत्व बोकेको यस दहको संरक्षणका लागि आएका ठूला आयोजना कागजमा सीमित भएका लहान-१७ का वडाध्यक्ष प्रथमलाल चौधरीले बताए । उनका अनुसार विगतमा बजेट विनियोजन भए

- बाँकी पृष्ठ ३ मा

# सीप मेला आयोजना गरिने

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र १८ गते ।*

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री दीपककुमार साहले आगामी एकवर्षभित्र मन्त्रालयमार्फत सातै प्रदेशमा सीप मेला आयोजना गरिने बताएको छ ।

बुधवार मन्त्रालयमा पत्रकार भेटघाट आयोजना गरी उनले आफ्ना कार्ययोजनाबारे जानकारी गराएको थियो । जस अन्तर्गत केही समयमै जनकपुरबाट सीप मेला सुरुवात गरेर एक वर्षभित्र सातै प्रदेशमा आयोजना गर्ने जानकारी दिएको हो । मन्त्री साहका अनुसार दक्ष जनशक्तिले नै मुलुकको समृद्धिमा टेवा पुग्ने हुँदा स्वदेशमै रोजगार सिर्जना गर्ने मन्त्रालयको लक्ष्य छ ।

“दक्ष जनशक्ति उत्पादन गर्नु अहिलेको आवश्यकता छ, मेला सम्पन्न गर्न मन्त्रालयसँग स्रोत पर्याप्त छैन”, उनले भने, “यद्यपि सिएसआर मोडलमा जाने छौँ । प्राइभेट कम्पनी जोसँग सिएसआर फन्ड छ । उहाँहरुसँग सहकार्य गरेर काम गर्ने छौँ ।”

त्यसैगरी मन्त्रालयले हालै पाँच वटा देशसँग श्रम सम्झौता थप गर्ने तयारी गरेको उनले जानकारी दिए । उनले श्रमिकले सुरक्षित र व्यवस्थित कार्यस्थल पाए नपाएको बारेमा मन्त्रालयले अनुगमन गर्ने र श्रमशोषण देखिएमा कारबाहीको दायरामा ल्याउनेसमेत बताए ।


## क्षयरोगबाट बचौं र बचाऔं

- खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाईमा ध्यान दिऔं,

“क्षयरोग निको हुन्छ” भन्ने सन्देश फैलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

## शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री